दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०३ | बुटवल | २०८२ पौष १३ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday December 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

### प्रधानमन्त्री–तीन दल प्रमुख छलफल
# ‘सबै दल चुनावका लागि तयार’



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री सुशीला कार्कीले प्रमुख तीन दलका शीर्ष नेताहरूलाई चुनावमा सहभागी हुन निम्तो दिएकी छिन् ।

शनिबार बालुवाटारमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गर्दै उनले चुनावी निम्तो दिएकी हुन् ।

साथै, उनले आफ्नो निमन्त्रणा स्वीकारेर बालुवाटार आएकोमा तीनै नेताहरूलाई धन्यवाद दिइन् ।

‘यो घर तपाईंहरूकै हो । म त न्याय क्षेत्रको मान्छे । राष्ट्रपतिज्यूबाट चुनाव गराउने कार्यादेश पाएबमोजिम हामी चुनावको तयारी गरिरहेका छौं ।’- छलफलका क्रममा प्रधानमन्त्री कार्कीले भनिन् ।

साथै, उनले प्रशासनिक काम-कारबाहीबाट अलग भएर पूरै निर्वाचनमा होमिनकै लागि रक्षाबाहेक आफूसँग रहेका सबै मन्त्रालय अन्य मन्त्रीलाई जिम्मा लगाएको जानकारी पनि गराइन् ।

‘मैले यहाँहरूलाई बोलाएर बिन्ती गर्न खोजेको के भने यो निर्वाचन जसरी पनि सफल पारौं,’ प्रधानमन्त्री कार्कीले भनेकी छिन्-‘सबै यसमा सहभागी हुनुपर्छ । तपाईंहरू निर्वाचनका लागि तयारै हुनुहुन्छ भन्ने नै मैले देखेकी छु । त्यस्तो वातावरण बनिरहेको देख्छु । यो स्वागतयोग्य छ ।’

निर्वाचन आयोग र प्रहरी प्रशासनलाई आवश्यक स्रोतसाधन उपलब्ध गराएको उनले छलफलका क्रममा भनिन् ।

‘सुरक्षाकर्मीको मनोबल बढेको कुरा त यहाँहरुले पनि महसुस गर्नुभएकै होला। हामी त्यसरी काम गरिरहेका छौं ।’- प्रधानमन्त्रीको ब्रिफिङ उद्धृत गर्दै उनको सचिवालयले भनेको छ ।

‘अब कुनै अलमल नगरी यो राष्ट्रको भविष्य सम्झेर, स्थिर र दिगो लोकतन्त्रको सुनिश्चितताका लागि चुनाव सफल पारौं,’ नेताहरूसँग प्रधानमन्त्रीको आग्रह थियो-‘यो हामी सबैको जिम्मेवारी हो । यत्ति अनुरोध गर्न मैले यहाँहरूलाई आज निम्ता गरेकी हुँ ।’

यसैबीच नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सबै राजनीतिक दल चुनावका लागि तयार भएको बताएका छन् ।

शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलपछि संक्षिप्त प्रतिक्रिया दिने क्रममा देउवाले यस्तो बताएका हुन् ।

प्रधानमन्त्री सुशीला कार्कीले सभापति देउवासहित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टी पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गरेकी थिइन् ।

‘सबै राजनीतिक दल चुनावमा जान तयार भएका छौं,’ देउवाले भने-‘कांग्रेस पनि रेडी छ । एमाले पनि रेडी छ । अरु दल पनि रेडी छ ।’

त्यसका लागि सरकारले सुरक्षाको वातावरण मिलाउनुपर्ने देउवाको भनाइ छ । ‘सरकारले सुरक्षाको वातावरण मिलाउनुपर्छ ।’-उनले भने ।

नेकपा एमालेका अध्यक्ष केपी ओलीले आफूहरू चुनाव जान तयार रहेको बताएका छन् ।

प्रधानमन्त्री सुशीला कार्कीसँग तीन दलका शीर्ष नेताहरूसँगको छलफलमा ओलीले सरकारले चुनावको वातावरण बनाए आफूहरू चुनावमा जान तयार रहेको बताए ।

बैठकपछि ओलीको भनाइ उद्धृत गर्दै सञ्चारमन्त्री जगदीश खरेलले भने-‘एमाले चुनावमा जान तयार छ । त्यो वातावरण सरकारले सरकारले बनाउनुपर्‍यो ।’

नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्डले पनि अब संसद् पुनर्स्थापना नभई चुनावमा जाने कुरामा आफूहरू तयार रहेको बताएका थिए ।

## अन्तिम मतदाता सूची प्रकाशित

बुटवल । निर्वाचन आयोगले अन्तिम मतदाता सूची प्रकाशित गरेको छ । शनिबार आयोगले अन्तिम मतदाता नामावली प्रकाशित गरेको हो ।

आयोगकाअनुसार प्रकाशित अन्तिम मतदाता नामावलीमा ९६,६३, ३५८ पुरुष, ९२,४०,१३१ महिला र अन्य २०० गरी १,८९,०३६८९ मतदाता समावेश भएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम मतदाता नामावली प्रकाशित गरिएको आयोगले जनाएको छ । आयोगले मतदाता नामावली ऐन, २०७३ तथा मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ म भएको व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरी २०८२ फागुन २० गतेसम्म १८ उमेर पूरा हुने नागरिकहरूको विवरणलाई अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशित गरिएको जनाएको छ ।

सम्बन्धित मतदाताले मतदाता नामावलीमा आफ्नो नाम हेर्न सक्ने गरी अन्तिम मतदाता नामावलीको वेबसाइट डब्लुडब्लुडब्लुडट इलेक्सन डट जिओभी डट एनपीमा समेत प्रकाशित गरिएको आयोगले जनाएको छ ।

## उज्यालो नेपाल पार्टीद्वारा रास्वपाको प्रस्ताव अस्वीकार

**लुम्बिनी संवाददाता**
*बुटवल*

उज्यालो नेपाल पार्टीले रास्वपाले अघि सारेको प्रस्ताव अस्वीकार गरेको छ । शनिबार दिउँसो १ बजेदेखि काठमाडौंको एक होटलमा बसेको पार्टी केन्द्रीय समितिको बैठकले रास्वपाको प्रस्ताव अस्वीकार गर्ने र एकताको प्रयासमा थप गृहकार्य गर्ने निर्णय गरेको हो । बैठकमा सहभागी एक केन्द्रीय सदस्यका अनुसार, रास्वपाले सभापतिमा रवि लामिछाने, वरिष्ट नेतामा कुलमान घिसिङ र प्रधानमन्त्रीमा बालेन शाहलाई अघि सार्ने प्रस्ताव गरेको थियो ।

उक्त प्रस्तावबारे संरक्षक समेत रहेका ऊर्जामन्त्री कुलमान घिसिङले बैठकमा ब्रिफिङ गरेका थिए । तर, रास्वपाको उक्त प्रस्तावमा अघि बढ्न नसक्ने निष्कर्ष निकाल्दै एकताको बाँकी संवाद गर्ने जिम्मेवारी अध्यक्षलाई प्रदान गर्ने निर्णय सो पार्टीले गरेको छ । बैठक स्रोतका अनुसार, पार्टीको नाम र चुनाव चिन्हमा रास्वपाको प्रस्तावमा उज्यालो पार्टीले फरक मत राखेको छ । रास्वपाले पार्टीको नाम रास्वपा र चुनाव चिन्ह घण्टी नै लिएर निर्वाचनमा जानुपर्ने प्रस्ताव अघि सारेको थियो । त्यसबारे पनि संरक्षक घिसिङले ब्रिफिङ गरेका थिए । जसमा पुनर्विचार गरेर मात्रै निर्णय लिने उज्यालो पार्टीको अडान छ । पार्टी निर्णयहरू सार्वजनिक गर्दै सो पार्टीले सहअस्तित्वको विषयलाई मुख्य बुँदा बनाएको छ ।

‘सबैको सहअस्तित्वलाई स्थापित हुनेगरी उज्यालो नेपाल पार्टी सदैब एकताको पक्षमा रहेको आवश्यक सहकार्यका लागि सबै वैकल्पिक तथा अग्रगामी राजनीतिक दललाई आह्वान गर्ने निर्णय गरियो ।’- पार्टी निर्णयमा भनिएको छ ।

## लुम्बिनीमा आजदेखि ‘तेस्रो न्यूज फेस्टिबल’

बुटवल । बुद्ध जन्मस्थल लुम्बिनीमा आजदेखि ‘तेस्रो लुम्बिनी न्यूज फेस्टिबल’ आयोजना हुँदैछ । न्यूज फेस्टिबलमा ‘मोफसल’को पत्रकारिता, संघीयतामा पत्रकारिता क्षेत्रको संरचना, आर्थिक विकास र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा पत्रकारिताको भूमिका, समाचारका विषय, लेखन र साहित्य, कलाका विषयमा नेपालमा अग्रज पत्रकार, सम्पादक, लेखक, संवाददाता सहभागी भएर बहसको सृजना गरिने भएको छ ।

लुम्बिनी प्रेस क्लब रुपन्देहीले आयोजना गरेको न्यूज फेस्टिबल तीन दिनसम्म हुने क्लबका अध्यक्ष कमल रायमाझीले जानकारी दिए । बुद्ध जन्मस्थल लुम्बिनीस्थित लुम्बिनी बौद्ध विश्वविद्यालयको सभाहलमा आयोजना गरिने कार्यक्रममा पत्रकारिता, लुम्बिनीको पर्यटन प्रवर्द्धन र यस क्षेत्रका मुद्दाहरुलाई राष्ट्रिय अन्तर्राष्ट्रियकरण गर्न फेस्टिबल आयोजना गरिएको अध्यक्ष रायमाझीले जनाए ।

कार्यक्रममा भारतको दिल्ली प्रेस क्लब, काशी पत्रकार संघ, बनारस प्रेस क्लब, गोरखपुर प्रेस क्लब, महाराजगञ्ज प्रेस क्लब, सिक्किम प्रेस क्लबबाट पत्रकारहरु आउने क्लबले जनाएको छ । साथै प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ, मूलधारका छापा, मूलधारका टेलिभिजनका सम्पादक, मूलधारका अनलाइनका सम्पादक सहभागी हुनेछन् ।

‘सीमापार सम्बन्धः आवश्यकता र सम्भावना’, ‘लुम्बिनीः लगानी र पर्यटनको सामर्थ्य ’ र ‘पत्रकारितामा प्रश्न : जिम्मेवारी र जवाफदेहिता’ विषयमा समूहगत छलफल हुनेछ । यसले लुम्बिनी क्षेत्रको ब्राण्डिङ गर्नुका साथै लुम्बिनी प्रदेशको पत्रकारिताको विकास र सीमापार सम्बन्धलाई अझै मजबुत पार्ने आयोजकको भनाइ छ । प्यानल छलफलमा नेपाल-भारतका चर्चित पत्रकारहरु सहभागी हुनेछन् ।

क्लबले विसं २०७६ प्रथम लुम्बिनी न्यूज फेस्टिबल आयोजना गरेको थियो । कोरोना महामारीलगायत कारण यसलाई वार्षिकरुपमा निरन्तरता दिन नसकेपछि २०८० मा भैरहवामा दोस्रो न्यूज फेस्टिबल भएको थियो ।

## विप्लवको ‘कम्युन’ नजिकै गोठमा कसले राखेको हो बन्दुक र विष्फोटक पदार्थ ?

नेकपा माओवादीले बन्दुक र विष्फोटक पदार्थ आफूहरूको होइन भन्ने दाबी गर्दै हतियार बरामदको घटनालाई सरकारले देशमा अशान्ति मच्चाउन खोजेको आरोप लगाएको छ । अन्य दलले भने प्रहरी कारबाही जायज भन्दै देशभर यस्तै अप्रेसन चलाउनुपर्ने तर्क गरेका छन् ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

अर्घाखाँचीको शीतगंगा नगरपालिका-११ मा बोक्से भन्ने स्थानको एक गोठमा शुक्रबार बिहान १० बजेतिर प्रहरीको ग्रामीण गस्ती टोलीले बेवारिसे अवस्थामा विभिन्न प्रकारका हात हतियार तथा विस्फोटक पदार्थहरु फेला पारेको छ ।

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीले सञ्चालन गरेको कृषि फर्म परिसरमा रहेको दुई तले गोठमा हात हतियार र विष्फोटक पदार्थहरु भेटिएको हो । माओवादीले उक्त ठाउँमा केही वर्षदेखि जग्गा लिजमा लिएर व्यवसायिकरुपमा आलु, कागतीलगायत खेती गर्दै आएको छ । त्यसलाई माओवादीले उत्पादनमार्फत् पार्टीलाई आत्मनिर्भर बनाउन गरिएको ‘जन कम्युन’ भन्दै आएको छ ।

जेनजी विद्रोहपछि बनेको अन्तरिम सरकारले फागुन २१ मा तोकेको चुनावको शान्ति सुरक्षालाई मध्यनजर गरी प्रहरीको केन्द्रीय सर्कुलर अनुसार जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको टोलीले ग्रामीण गस्ती चलाएको छ । यही क्रममा शुक्रबार बिहान उक्त क्षेत्रमा प्रहरीको गस्ती टोली पुगेको थियो । प्रहरीलाई शंकास्पद लागेर खोजतलास गर्दा गोठको माथिल्लो तलामा हात हतियार र विष्फोटक पदार्थहरु भेटिएका हुन् ।

मान्छे नबस्ने गोठको माथिल्लो तलामा २ थान भरुवा बन्दुक, १४ थान ग्रिनेट, १२ थान डेटोनेटर, २५ ईन्च लामो प्लास्टिकको पाइप, रकेट लन्चरको सेल ३ थान, ५ लिटरको प्रेसर कुकर बम एक थान, स्टिलको बम एक थान, बिजुलीको तार ४ बण्डल र बारुद अन्दाजी ५०० ग्राम फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख डीएसपी दिवस जिसीले बताए ।

भेटिएको हात हतियार र विष्फोटक पदार्थ कसले गोठमा राखेको हो भन्ने पत्ता लाग्न नसकेको डीएसपी जिसीले बताए । ‘बरामद हातहतियार र विष्फोटक पदार्थ गोठमा कसले किन राखेको हो भन्ने खुलेको छैन, दुई थान भरुवा बन्दुक वाहेक अरु विष्फोटक पदार्थ नेपाली सेनाको सहयोगमा डिस्पोज गराइयो,’ डीएसपी जीसीले भने-‘मान्छे र गाई वस्तु समेत नबस्ने भएकाले गोठ कसको हो भन्ने पनि खुलेको छैन, हामी अनुसन्धान गरिरहेका छौं, पछि थप तथ्य खुल्दै जालान ।’

भेटिएका हतियार र विष्फोटक पदार्थहरु हालै बनाएका ताजा नभई केही पुराना भएको प्रहरीको ठम्याई छ । प्रहरीले आसन्न प्रतिनिधिसभा सदस्य चुनावलाई शान्तिपूर्ण र भयरहित बनाउने उद्देश्यले ग्रामीण गस्ती अभियान चलाएको र बेवारिसे अवस्थामा विष्फोटक पदार्थ र हतियार भेटिएको बताइरहँदा नेकपा माओवादीले भने ठीक उल्टो प्रतिक्रिया जनाएको छ ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी

## सम्पादकीय

# प्रयोगविहीन शीतभण्डार

लुम्बिनी प्रदेश सरकारले बनाएका धेरै शीतभण्डार अहिले प्रयोगविहीन छन् । आवश्यकता र औचित्यका आधारमा शीतभण्डार नबनाई मागका आधारमा बनाउँदा राज्यको करोडौं लगानी बालुवामा पानी भएको छ । राज्यको ठूलो लगानी खेर जाँदा लगानीप्रति मात्रै प्रश्न उठेको छैन्, विकास आयोजना कुन प्रक्रियाबाट छनौट हुन्छन् ? विकास आयोजना नेताको भोटका लागि हो कि नागरिकको सुविधाका लागि हो ? जस्ता प्रश्न उठेका छन् ।

विकास निर्माणमा लगानी आवश्यकता र औचित्यको आधारमा हुने हो । जहाँ आवश्यकता छ, राज्यको बजेट लगानीको प्रतिफल मिल्छ, त्यही लगानी हुनुपर्छ । लगानीको प्रतिफल नमिल्ने ठाउँमा भएका लगानीमाथि प्रश्न उठ्नु स्वाभाविक छ । प्रदेश सरकार स्थापना भएपछि पालिका र प्रदेशसभा सदस्यले शीतभण्डारका लागि माग गरे । शीतभण्डार भए गाउँमा भएको उत्पादन सुरक्षित राख्न सकिन्छ । र उत्पादन बढाउन सकिन्छ भन्ने धारणा स्वाभाविकै हो, तर शीतभण्डार हुँदैमा गाउँमा उत्पादन बढ्ने होइन । पहिले गाउँमा उत्पादन बढाउन राज्यको लगानी र उत्पादन गर्ने पौरखी किसान हुनुपर्‍यो । उत्पादन भएको वस्तु शीतभण्डारमा राख्न सकिन्छ कि सकिंदैन भन्ने हेक्का हुनुपर्छ । शीतभण्डारको आवश्यकता नै ख्याल नगर्दा अहिले प्रदेश सरकारले बनाएका शीतभण्डार खेर गएका हुन् । जहाँ शीतभण्डारमा राख्न आवश्यक उत्पादन नै छैन, त्यहाँ शीतभण्डार बनेका छन् । वैदेशिक रोजगारमा युवाको आकर्षणले गाउँका खेतबारी बाँझिएका छन् । ती बाँझिएका खेतबारीलाई हराभरा बनाउन पहिलो प्राथमिकता हुनुपर्छ । तर बाँझिएका खेतबारीसँगै बनेका शीतभण्डार हेर्दा धेरै प्रश्न गर्न सकिन्छ । के विकास अर्थ यही हो ? विकासले उत्पादन बढाउने र रोजगारी श्रृजना गर्ने हो कि नेताले भोट बटुल्ने मात्रै हो ?

नवलपरासी बर्दघाट-सुस्ता पश्चिमको सुस्ता गाउँपालिकामा ५ करोड रुपैयाँको लागतमा बनेको शीतभण्डार प्रयोगविहीन छ । यहाँ शीतभण्डार त बनाइयो, तर यो शीतभण्डार कुन प्रयोजनका लागि बनाइएको थियो भन्ने प्रष्ट भएन् । विकासले प्रतिफल दिएन भने व्यवस्थाप्रति नागरिकमा निराशा आउँछ । व्यवस्थाप्रति आउने निराशाले कुनै एक पार्टी र नेतालाई मात्रै नभएर सबैलाई असर गर्छ । सुस्तामा अलपत्र बनेको शीतभण्डार झैं यस्ता अलपत्र शीतभण्डार चलाउन पहिले स्थानीय उत्पादन के गर्न सकिछ, त्यो योजना बनाएर कार्यान्वयन गर्नुपर्छ ।

# स्थानीय पाठ्यक्रमको प्रभावकारिता



ज्योतिकिरण रिजाल




शिक्षा प्रणालीको विकेन्द्रीकरण र सङ्घीयता कार्यान्वयनसँगै नेपालको विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रमको अवधारणाले महत्वपूर्ण स्थान पाएको छ । राष्ट्रिय पाठ्यक्रमको विशाल परिधिभित्र समेटिन नसक्ने, तर स्थानीय परिवेश, संस्कृति, ज्ञान, सीप र आवश्यकतासँग प्रत्यक्ष जोडिएका विषयवस्तुलाई शैक्षिक प्रक्रियाको अभिन्न अङ्ग बनाउनु यसको मूल अभीष्ट हो । स्थानीय पाठ्यक्रम प्रभावकारी रहेको अध्ययन अध्यापनमा संलग्न शिक्षक र विद्यार्थीको बुझाइ छ । स्थानीय पाठ्यक्रमलाई विद्यालय तहको पाठ्यक्रममै समेट्ने अग्र भूमिका खेलेका स्थानीय निकाय भक्तपुर नगरपालिका, गोकर्णेश्वर नगरपालिका, रुपन्देहीको देवदह नगरपालिकाले स्थानीय पाठ्यक्रमबाट धेरै रचनात्मक शैक्षिक सफलतासमेत हात पारिसकेका छन् ।

भक्तपुर नगरपालिकाले भक्तपुरमा लोप हुन लागिसकेको खेल 'कसिमला पाँय' लाई स्थानीय पाठ्यक्रममार्फत नै पुनर्जीवन दिएको छ । लुडोसँग मिल्दोजुल्दो यो खेल दुई व्यक्तिबिच खेलिन्छ । त्यसका लागि एउटा कागजको बोर्ड र १३/१३ वटा गोटीको आवश्यकता हुन्छ । पहिले भुइँमा चित्र कोरेर ढुङ्गाको सानो टुक्रालाई गोटीका रूपमा प्रयोग गरिन्छ । जित्नका लागि बुद्धिको प्रयोग आवश्यक हुने भएकाले यो खेल बौद्धिकतासँग पनि जोडिएको छ । बालबालिकाको बौद्धिक विकासका लागि पाठ्यक्रममा यो खेल राखिएको नगरपालिकाका शिक्षा शाखा प्रमुखको भनाइ छ । प्रायः लोप भइसकेको खेल पाठ्यक्रममा समावेश भएपछि शिक्षक र विद्यार्थी दुवैले सिक्न पाएका छन् । विद्यालय तहको पाठ्यक्रममै भक्तपुरको परिचय बनेको जुजुधौको सांस्कृतिक, आर्थिक र वैज्ञानिक महत्व पनि समेटिएको छ । जुजुधौ बनाउने स्थानीय प्रविधिबारे विद्यार्थीलाई उद्योगमै लगेर प्रयोगात्मक रूपले नै सिकाइन्छ भने पाठ्यक्रममा भक्तपुरका कला, संस्कृति, धर्म, रीतिरिवाज र ऐतिहासिक स्थल समावेश गरिएको छ ।

स्थानीय पाठ्यक्रम लागु गर्ने अर्को जेठो नगरपालिका काठमाडौंको गोकर्णेश्वर नगरपालिका हो । कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि बनाइएको पाठ्यक्रममा स्थानीय सम्पदा, धर्म, संस्कृति, भाषा, सभ्यता, कला, चाडपर्व र स्थानीय पहिचान समेटिएको छ । शिक्षासेवी टेकेन्द्रप्रसाद ढकालका अनुसार पाठ्यक्रममा नगरपालिकाको सबै पक्षलाई चिनाउने विषयवस्तु छन् । विद्यालयका लागि छापिएका ३० औं हजार थान पुस्तकमा स्वास्थ्य, योग, वातावरण र उत्प्रेरणामूलक पाठ पनि छन् । वैदिक सनातन धर्म, बुद्ध जयन्ती, रक्षाबन्धन जस्ता धार्मिक, सांस्कृतिक, विषय पनि समेटिएका छन् । गोकर्णेश्वर नगरपालिकाका व्यवस्थापनको संरचनाबारे पनि विद्यार्थीले पढिरहेको शिक्षासेवी अग्निप्रसाद अधिकारीको भनाइ छ । शिक्षाविद्, प्राध्यापक, स्थानीय शिक्षक, संस्कृतिविद् र स्थानीय बुद्धिजीवीको सहभागितामा निर्माण गरिएको पाठ्यक्रम कक्षा १ देखि ८ सम्म एकैपल्ट लागु गरिएको छ ।

उपत्यकामा मात्र होइन स्थानीय पाठ्यक्रम लागु गर्नेमा रुपन्देहीको देवदह नगरपालिका पनि जेठो स्थानीय निकाय हो । "बौद्ध शिक्षा र देवदह परिचय समेटेर २०७५ बैशाखमा स्थानीय पाठ्यक्रम लागु गरेको यो नगरपालिकाले महत्वपूर्ण शैक्षिक सफलता हात परेको अनुभूति सगालेको छ । पाठ्यक्रममा नैतिकता र असल कर्मका लागि बुद्धका पञ्चशील सिद्धान्तलाई प्राथमिकता दिइएको छ । कथा, निबन्ध, सूत्र तथा योगाभ्यासको माध्यमबाट बुझाउने गरिएको र यसबाट विद्यार्थीको आनीबानीमा समेत परिवर्तन आएको राजनीतिज्ञ एंव शिक्षासेवी हीराबहादुर खत्रीको अनुभव छ । सुरुमा लुम्बिनीको बौद्ध विश्वविद्यालयको सहयोगमा सिद्धिचरण भट्टराई संयोजकत्वको ११ सदस्यीय समितिले पाठ्यक्रम निर्माण गरेको हो । देवदहका ३० सामुदायिक र संस्थागत विद्यालयमा पढाइने उक्त पाठ्यक्रम अङ्ग्रेजी र नेपाली दुवै भाषामा तयार गरिएको छ । शिक्षासेवी टीकाराम शर्माका अनुसार नैतिकता र परोपकारसित जोडिएको स्थानीय पाठ्यक्रमले विद्यार्थीमा राम्रो प्रभाव पारेको उल्लेख छ ।

पछिल्लो समय देशभरका विभिन्न स्थानीय निकायमा स्थानीय पाठ्यक्रम लागु गरिएको छ । राजधानी बाहिर स्थानीय पाठ्यक्रम लागु गर्ने स्थानीय निकायमध्ये अग्रपङ्क्तिमा झापाको मेचीनगर पनि पर्छ । 'हाम्रो मेचीनगर' समेटेर लागु गरिएको स्थानीय पाठ्यक्रम प्रभावकारी रहेको मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बुढाथोकीको प्रतिक्रिया छ । स्थानीय पाठ्यक्रमले स्थानीय क्षेत्रका महत्वपूर्ण ऐतिहासिक धार्मिक, सांस्कृतिक र जातीय विविधताका सम्पूर्ण पक्षबारे परिचय र ज्ञान दिने हुँदा विद्यार्थीले नजिकबाट आफ्नो समुदायका विविधतालाई हेर्न, सिक्न र महसुस गर्न पाएको झापाको नमुना विद्यालय बाल सुबोधिनी माविका प्रधानाध्यापक एंव शिक्षासेवी विश्व थापाको बुझाइ छ ।

कति स्थानीय तहमा पाठ्यक्रम निर्माण गरिएको छ ? शिक्षा मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रसँग तथ्याङ्क नै छैन । नेपालको संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण प्रवर्धन र स्तरीकरण गर्ने अधिकार दिएको छ ।

**स्थानीय पाठ्यक्रमको प्रभावकारिता**

स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवन र सिकाइलाई सान्दर्भिक, व्यावहारिक र अर्थपूर्ण बनाउनुका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय ज्ञानसँग स्थानीय ज्ञानलाई एकीकृत गर्ने विशिष्ट भूमिका निर्वाह गरेको पाइन्छ । स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई आफ्नै भाषा, संस्कृति, सम्पदा र वातावरणका बारेमा सिक्ने अवसर प्रदान गर्नुका साथै यसले सिकाइलाई विद्यालयको कृत्रिम वातावरणबाट घरको दैनन्दिन जीवनसँग नजिक पुर्‍याएको छ । विद्यार्थीमा जिज्ञासा र रुचिलाई जागृत गरेको छ भने स्थानीय पेसा, व्यवसाय, प्रविधि र कृषि जस्ता व्यावहारिक ज्ञानले उनीहरूलाई स्थानीय स्रोतसाधनमाथि अपनत्वको भावना बढाउन मद्दत पुर्‍याएको छ ।

केन्द्रीय पाठ्यक्रमले ओझेलमा पारेका स्थानीय मूल्यमान्यता, कला, संस्कृति र ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्धनमा स्थानीय पाठ्यक्रम सहयोगी देखिएको छ । अध्ययनले विद्यार्थीमा कला-संस्कृतिको संरक्षण आफैँले गर्नु पर्छ भन्ने चेतना विकास भएको, सामाजिक रूपमा चासो बढेको र समसामयिक विषयमा राय राख्न सक्ने क्षमताको विकास भएको निष्कर्ष निकालिएको छ । शिक्षाको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिएसँगै स्थानीय पाठ्यक्रम निर्माणले स्थानीय समुदायका मानिसको सहभागिता सुनिश्चित गरी शैक्षिक निर्णय प्रक्रियामा जनताको पहुँच र अपनत्व बढाएको छ । यसले पाठ्यक्रमलाई सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्यमान्यता अनुरूप तुल्याउन सकेको छ ।

**कार्यान्वयनका समस्या**

स्थानीय पाठ्यक्रमको सैद्धान्तिक जग बलियो भए पनि, यसको प्रभावकारी कार्यान्वयनमा जटिल संरचनागत र व्यवस्थापकीय चुनौती विद्यमान छन्, जसले यसको अपेक्षित नतिजा अझै दिन सकिरहेको छैन । कतिपय अवस्थामा स्थानीय पाठ्यक्रम निर्माण र अध्यापन गराउन सक्ने सक्षम र दक्ष जनशक्तिको अभाव देखिएका छ । पाठ्यक्रम निर्माण आफैँमा एक प्राविधिक र विज्ञतामूलक कार्य भए पनि, धेरै जसो स्थानीय तहमा विषयविज्ञ र प्राविधिक सहयोग उपलब्ध नहुँदा पाठ्यक्रम निर्माण प्रभावकारी बन्न सकेको देखिँदैन । धेरै जसो स्थानीय निकायका शिक्षकमा समेत यसको अवधारणा, उद्देश्य र कार्यान्वयनसम्बन्धी प्राविधिक ज्ञानको कमी छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनमा पर्याप्त आर्थिक स्रोत र शैक्षिक सामग्रीको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ । धेरै जसो दुर्गम क्षेत्रका विद्यालयमा त स्रोतको सीमितताले गर्दा पाठ्यक्रम विकास गर्नै कठिन भएको स्थिति समेत देखिएको छ । स्थानीय पाठ्यक्रमको मूल मर्म भनेको व्यावहारिक ज्ञान र सीप सिकाउनु नै हो, तर शिक्षण सिकाइमा सैद्धान्तिक अवधारणामा जोड दिने परम्परा अझै हाबी छ । स्थानीय विषयवस्तुको अध्यापनमा प्रोजेक्टर वा भिडियो जस्ता आधुनिक प्रविधिको प्रयोग नगरी परम्परागत शिक्षण विधि अपनाइँदै आएको र मूल्याङ्कन प्रणाली पनि अन्य विषयको जस्तै परम्परागत हुनुले सिकाइको प्रभावकारितालाई भने सीमित नै पारेको छ । स्थानीय पाठ्यक्रमको महत्वबारे अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य अनभिज्ञ हुनु र अभिभावकमा अङ्ग्रेजी भाषाप्रतिको मोहले स्थानीय विषयवस्तुको पठनपाठनलाई ओझेलमा पार्ने गरेको छ । कतिपय विद्यालयमा स्थानीय पाठ्यक्रमका नाममा कम्प्युटर वा अङ्ग्रेजी विषय पढाइएको पनि पाइएको छ । यस्तो कार्यले स्थानीय पाठ्यक्रमको मर्ममाथि प्रश्न खडा भएको छ ।

**निष्कर्ष**

स्थानीय पाठ्यक्रम शैक्षिक विकेन्द्रीकरण, सांस्कृतिक संरक्षण र सान्दर्भिक सिकाइ सुनिश्चित गर्ने शैक्षिक लोकतन्त्रको अपरिहार्य दस्तावेज हो । यसले विद्यार्थीलाई स्थानीय ज्ञान, सीप र अपनत्वको माध्यमबाट राष्ट्रिय विकासमा योगदान दिन सक्ने नागरिक बनाउँछ । यसको प्रभावकारितालाई गुणात्मक रूपमा अभिवृद्धि गर्न नीति र व्यवहारबिचको खाडल पुर्न आवश्यक छ । यसका लागि स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र यसको अध्यापनका लागि शिक्षकलाई सन्दर्भ-केन्द्रित विशिष्ट तालिम र अभिमुखीकरणको व्यवस्था गर्नु आवश्यक छ । स्थानीय पाठ्यक्रम अन्य पाठ्यक्रम जस्तो पढाउन सकिँदैन । आफ्नै वरपरको परिवेश, संस्कार, संस्कृति र इतिहासमा आधारित हुने भएकाले विद्यार्थीले भन्दा बढी मिहिनेत शिक्षकले गर्नु पर्छ । स्थानीय संस्कृति र अन्य विशेषताबारे शिक्षक स्वयम्ले अनुसन्धान अध्ययन गरेपछि मात्र विद्यार्थीलाई त्यसबारे पढाउन सक्छन् । पाठ्यक्रम लागु गरिएका अधिकांश विद्यालयमा शिक्षकलाई पढाउन समस्या भएको छ । स्थानीय तहका ऐतिहासिक स्थलबारे जानकारी भए पनि पुराना संस्कार संस्कृति र धार्मिक दर्शन सम्बन्धमा जानकारी नहुँदा पढाउन समस्या हुने गरेको शिक्षकको भनाइ छ । अर्कातर्फ पाठ्यक्रम विकासमा स्थानीय विज्ञ, शिक्षक, अभिभावक र समुदायको सक्रिय तथा सार्थक सहभागिता सुनिश्चित गर्नु अनिवार्य छ । स्थानीय पाठ्यक्रमलाई मूर्तरूप दिन आवश्यक शैक्षिक सामग्रीको विकास तथा न्यून लागतका स्थानीय सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्नु आवश्यक छ । शिक्षण सिकाइमा व्यावहारिक र प्रविधिमैत्री विधिलाई अनिवार्य गर्दै सोही अनुरूपको मूल्याङ्कन प्रणाली विकास गर्नु पर्छ ।

गोपबाट

# जाडोमा बालबालिकालाई खुवाउनै पर्ने १० शक्तिवर्द्धक आहार

मिरा शाह

जाडो महिना बालबालिकाका लागि मात्रै नभई ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरीलगायत सम्पूर्ण व्यक्तिका लागि चुनौतीपूर्ण हुन्छ । मौसम परिवर्तनले गर्दा यो बेला विभिन्न किसिमका संक्रमण हुन सक्छन्। जाडोमा रोगसँग लड्ने क्षमतामा कमी भएर विशेषगरी बालबालिकामा संक्रमणको समस्या बढी हुन्छ ।

बिरामी भएपछि बालबालिकाले खानेकुरामा खासै ध्यान दिँदैनन् । औषधि सेवन गर्न थालेपछि त खानेकुरा खान खासै मन गर्दैनन् र दिनदिनै झन सिकिस्त हुँदै जान्छन् ।

लामो समयसम्म खानेकुरामा ध्यान पुर्‍याउन नसक्दा शारीरिक, मानसिक रुपमा नराम्रो असर पर्न सक्छ । शारीरिक शक्ति, मेटाबोलिजम् आदिमा परिवर्तन हुन सक्छ । चिसो मौसममा न्यानो लुगा आदि मात्रैले पुग्दैन । पोषिलो खानेकुरामा बढी ध्यान पुर्‍याउनु पर्छ । यहाँ विशेषगरी गरी बालबालिकाको लागि पोषिलो, शक्तिबर्धक, खानेकुराको बारेमा उल्लेख गरिएको छ ।

**१. सखर**

जाडो मौसममा सखर हरेक उमेर समूहका लागि एकदमै उपयोगी हुन्छ । सखर पोषक तत्वले भरिपूर्ण हुन्छ । यसमा खनिज तत्व, लौह तत्व, जिन्क, इन्जाइम, इनर्जी आदि पाइन्छ । यो बेला सखरको सेवनले शारीरिक कमजोरी, थकान मेटाउन मद्दत गर्छ । जाडो समय विशेषगरी माघ महिनाभरि घ्यु, चाकु, तिलको लडडु, भुजाको लडडु आदि खाने परम्परा छ ।

**२. ताजा मौसमी सागपात, तरकारी**

मौसम अनुसारको सागपात, तरकारी जस्तैः काउली, ब्रोकाउली, तरुल, गान्टेमुला, सखरखन्ड, कुरिलो, कागती, विभिन्न किसिमका साग आदिको सेवन गर्नुपर्छ । गाजरमा बिटा क्यारोटिन भएकोले बालबालिकालाई काँचो वा पकाएर जस्तो पनि दिन सकिन्छ। झोलिलो सुपले शरीर न्यानो हुनुका साथै विभिन्न पोषक तत्व दिन्छ ।

**३. ओखर, बदाम, (नट्स, आलस, तिल)**

जाडो महिनामा मात्रै नभई सधैं खजुर, बदाम, ओखर, नेपाली बदाम, छोकडा, खुर्पानी अत्ति नै स्वास्थबर्धक खानेकुरा हुन् । शारीरिक वृत्ति विकास, इन्सुलिनको मात्रा मिलाउन, मष्तिस्क बलियो बनाउन, मुटु स्वस्थ राख्न, स्मरण शक्ति बढाउन, बालबालिकाको सम्पूर्ण विकासको लागि यी खानेकुरा अति नै उपयोगी हुन्छन् ।

**४. सौफ (मसलाको सौफ)**

सौफको सेवन नियमित गर्नाले शरीरको संक्रमण, विकार नाश हुनुका साथै रक्त कोषिकाको वृद्धि विकास, ब्याकटेरियसको नाश समेत गर्छ । यसमा २० प्रतिशत भिटामिन सी पाइन्छ। जसको सेवन जाडो याममा राम्रो मानिन्छ ।

**५. माछा**

जाडो याममा माछाको प्रयोग गर्नु राम्रो हो । माछा प्रोटिनको राम्रो स्रोत मानिन्छ । जुन पचाउन पनि सजिलो हुन्छ । यसमा ओमेगा थ्री फ्याटी एसिड, भिटामिन डी आदि पाइन्छ, जसले मुटु रोगको साथै हाडको कमजोरी निको पार्छ ।

**६. दही–मोही**

जाडो याममा दही, मोही चिसोको डरले खान हुँदैन भनिन्छ । तर यो खान हुँदैन भन्ने बुझ्नु गलत हो । कतिपय बिरामी जो निमोनिया, ज्वरो, रुघाखोकी आदिबाट ग्रसित छन् उनीहरुले मात्र खान नमिल्ने हो । अरु अरुसबैले खान हुन्छ । दहीमा राम्रो ब्याक्टेरिया पाइन्छ, जसले खानेकुरा पचाउन मद्दत गर्छ । साथै दही पेटको सम्पूर्ण स्वास्थ्यको लागि राम्रो हो । पेटको संक्रमणबाट बचाउने कामका साथै ६० प्रतिशतसम्म रोग प्रतिरोधात्मक क्षमता दहीले बढाउने काम गर्छ ।

**७. ग्रिन टी**

ग्रिन टीले तौल नियन्त्रणमा मद्दत गर्छ । साथै एन्टिअक्सिडेन्टले भरिपूर्ण भएकोले नेसनल बायोटेक्नोलोजीको सूचनाअनुसार ग्रिन टीले अक्सिडेनट र विकिरणबाट शारीरको रक्षा गर्छ । यसको नियमित प्रयोगले शरीरको विकार, विशालु पदार्थ आदिको निष्कासनमा सहयोग पुर्‍याउँछ ।

**८. लसुन, अदुवा, बेसार**

लसुन, अदुवा, बेसार हाम्रो भान्सामा सजिलै पाउने मसला हुन्, जुन स्वादका लागि मात्र नभई रङ, स्वास्थ आदिको लागि गुणकारी मानिन्छन् । लसुन मुटुको लागि जाडोयाममा एकदम राम्रो हो । ल्वाङ, लसुनमा क्याल्सियम, सल्फरिक एसिड, पोटासियमको समिश्रणले ब्याक्टेरियालाई नाश गर्ने काम गर्छन् । बेसारले फ्रि राडिकल्सबाट पनि जोगाउने कामका साथै दूधसँग खान राम्रो मानिन्छ ।

**९. दालचिनी, मरिच, अदुवा**

दालचिनी, मरिच, अदुवाको समिश्रणबाट बनाएको सुप, चियाले चिसोबाट जोगाउन मद्दत गर्छ । यसले विभिन्न रोग आदिबाट पनि बचाउने गर्छ । क्यान्सर, अल्जाइमर्स, मुटु रोग, मेटाबोलिकमा राम्रो काम गरेको पाइन्छ ।

एउटा अध्ययबाट ४५ जना मानिस जसमा अर्थराइटिस थियो । उनीहरुले ५०० मिलिग्राम बेसार सेवन नियमित गरेकोले ५० प्रतिशतसम्म औषधि कम गरेको पाइयो । अर्को २४७ जना मानिस जसलाई अस्टिओ अर्थराइटिस थियो, उनीहरुलाई अदुवाको सुप सेवनले दुखाइ कम भयो । यसले स्मरण शक्ति बढाउनुका साथै दिमागको नशालाई बलियो बनाउँछ । पाचन प्रणाली, कोलोन क्यान्सर आदिबाट रक्षा गर्छ । बेसारमा भएको कम्पाउनडलाई करक्युमिन भनिन्छ ।

**१०. फलफूल**

जाडोयाममा फलफूलको सेवन गर्न डर मान्ने गरेको पाइन्छ । तर यो सही होइन । यो बेला झन् फलफूलको नियमित प्रयोग गर्नुपर्छ । यसमा भएको पोषक तत्व, भिटामिन आदिले धेरै रोगबाट जोगाउने काम गर्छ । रोग प्रतिरोधात्मक शक्ति प्रदान गर्नुको साथै जटिल रोगसँग बचाउने काम गर्छ । मौसम अनुसारको सबै फलफूल उपयुक्त हुन्छन् । सुन्तला, केरा, नासपाती, मेवा, अनार, स्याउ, मौसम, अम्बा, आँप आदिको सेवन सधैं गर्नुपर्छ ।

स्वास्थ्य खबरबाट

# तिलोत्तमा व्यापार संघको साधारणसभा

तिलोत्तमा । तिलोत्तमा व्यापार संघको १२औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले तिलोत्तमाको आर्थिक विकासमा व्यवसायीहरुको भूमिका निर्णायक रहेको बताए । उनले व्यापार संघले व्यवसायीको हक-हित संरक्षण, व्यावसायिक एकता र समस्या समाधानमा खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गरे ।

नगरप्रमुख खाँणले व्यवसायिक सुरक्षाको वातावरण निर्माण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएको स्पष्ट गर्दै चोरी, आगलागी, कर तथा प्रशासनिक झन्झटजस्ता समस्याको समाधानमा नगरपालिका गम्भीर रहेको जनाए । उनले तिलोत्तमा व्यापार संघको आफ्नै भवन निर्माणका लागि नगरपालिका आवश्यक जग्गा व्यवस्थापनको प्रक्रियामा लागेको जानकारी गराउँदै, संघलाई दीर्घकालीन रूपमा सशक्त बनाउनेतर्फ स्थानीय सरकार सकारात्मक रहेको धारणा व्यक्त गरे। कार्यक्रममा नगर उप-प्रमुख जगेश्वरदेवी चौधरीले व्यवसायीहरू स्थानीय विकासका साझेदार भएको बताइन् । उनले साना तथा मझौला व्यवसायीले भोग्दै आएका समस्या समाधान गर्न नगरपालिकाले नीतिगत तथा व्यवहारिक सहयोग गर्दै आएको उल्लेख गरिन् । उप-प्रमुख चौधरीले महिला, युवा तथा घरेलु उद्योगलाई प्राथमिकतामा राखेर उद्यमशीलता प्रवर्द्धन गर्ने नगरको नीति रहेको बताउँदै व्यापार संघसँग सहकार्यलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता जनाइन् ।

नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले निजी क्षेत्रलाई सहज वातावरण नदिई समृद्धि सम्भव नहुने बताए । उनले कर प्रणाली सरल, पारदर्शी र व्यवसायमैत्री हुनुपर्नेमा जोड दिंदै तिलोत्तमा व्यापार संघको आफ्नै सचिवालय भवनका लागि अहिलेसम्म जग्गाको व्यवस्थापन हुन नसक्नजु विडम्बना भएको बताए ।

संघका संस्थापक अध्यक्ष एवं चेम्बर अफ कमर्शका प्रदेश उपाध्यक्ष झविन्द्रप्रसाद कंडेलले संघको स्थापनाकालीन उद्देश्य र अहिलेको भूमिकाबारे चर्चा गर्दै व्यवसायी एकतामार्फत मात्र अधिकार सुनिश्चित गर्न सकिने बताए । संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सीमा भन्सार व्यवस्थापन सुधार, रिभ्याट प्रणाली लागू, व्यवसायीमैत्री नीति निर्माण तथा व्यवसायीको सुरक्षा सुनिश्चित गर्नुपर्ने विषयमा जोड दिए ।

कार्यक्रममा रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, एमाले तिलोत्तमा नगर अध्यक्ष मिनप्रसाद पोखरेल, नेकपा माओवादी तिलोत्तमा नगर अध्यक्ष राजु रसाइलीलगायतले स्थानीय सरकार र व्यवसायीबिच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा पसल चोरीबाट क्षति व्यहोरेका तिलोत्तमा भाँडा पसलका सञ्चालक कृष्ण सुवेदी तथा विद्युत् सर्ट भई आगलागीबाट क्षति पुगेको तिलोत्तमा-२ शंकरनगरस्थित गौतम इलेक्ट्रिकका सञ्चालक शालिकराम गौतमलाई राहत रकम प्रदान गरिएको थियो ।

# स्याङ्जाका दुई कार्यालय गाभिए



स्याङ्जा । गण्डकी प्रदेश सरकारको निर्णयसँगै स्याङ्जाका दुई कार्यालय गाभिएका छन् । प्रदेश सरकारअन्तर्गत सञ्चालित पर्यटन तथा उद्योग कार्यालय र सामाजिक विकास कार्यालय गाभिएका हुन् । दुई कार्यालय गाभिएपछि एकीकृत सेवा कार्यालयमा रुपान्तरण भएका छन् ।

विषेश गरेर पर्यटन पूर्वाधार विकास, घरेलु तथा साना उद्योगको नियमनको भूमिकामा रहेको पर्यटन तथा उद्योग कार्यालय र महिला, बालबालिका तथा विद्यालय सुधारका क्षेत्रमा काम गर्दै आएको सामाजिक विकास कार्यालयले पुतलीबजार नगरपालिकाका छुट्टाछुट्टै स्थानबाट सेवा प्रवाह गर्दै आएका थिए । साविकको पर्यटन तथा उद्योग र सामाजिक विकास कार्यालय गाभिएपछि एकीकृत सेवा कार्यालय मार्फत सेवा प्रबाह भएको छ ।

जिल्ला सदरमुकामस्थित दुई कार्यालय गाभिएर एउटै कार्यालयबाट सेवा सुरु गरिएको छ । प्रदेश सरकारले खर्च कटौती गर्ने भन्दै गतको भदौमा नयाँ संरचना सृजना गर्ने निर्णय गरेसँगै उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहतका दुई कार्यालय गाभिएपछि एकीकृत सेवा कार्यालयमार्फत् सेवा प्रवाह भएको कार्यालय प्रमुख जीवन पौडेलले जानकारी दिए ।

साविकको पर्यटन तथा उद्योग कार्यालयबाट सम्पादन गर्दै आएको उद्योग दर्ता, नवीकरण, खारेजी, उद्यम तथा व्यवसायको प्रवर्द्धनात्मक कार्यक्रम, बजार अनुगमन, पर्यटकीय क्षेत्रका पूर्वाधार निर्माण, सीपमूलक तथा आयआर्जनका तालिम लगाएतका काम एकीकृत सेवा कार्यालयबाटै सुचारु हुने कार्यालयले जनाएको छ ।

त्यसैगरी साविककै सामाजिक विकास कार्यालयले प्रदान गर्दै आएको लक्षित वर्गको क्षमता अभिवृद्धि, सीपमूलक तालिम, शिक्षा क्षेत्रका विकास निर्माण, सांस्कृतिक, धार्मिक क्षेत्रका पूर्वाधार निर्माणलगायतका कार्यक्रमलाई एकीकृत कार्यालयमार्फत् निरन्तरता दिइने भएको छ । दुबै कार्यालयबाट सम्पदान हुँदै आएको सेवालाई एकीकृत सेवा कार्यालयबाट नियमित बनाउन १५ जना कर्मचारीको व्यवस्था गरिएको छ ।

पर्यटन, उद्योग, विद्यालय र बालबालिका क्षेत्रमा पुषको पहिलो हप्ताबाटै एकीकृत सेवा कार्यालयबाट काम शुरु गरिएको कार्यालयका कृष्ण लम्सालले बताए । दुई कार्यालयको सेवा एकै स्थानबाट दिन केही असहज भए पनि तत्कालन शाखा स्थापना गरेर सेवालाई चुस्त बनाउने आन्तरिक तयारी गरिएको छ । एकीकृत कार्यालय मातहत पर्यटन तथा उद्योग शाखा र सामाजिक विकास शाखा बनाएर सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाइने भएको छ ।

**विप्लवको** ...

पार्टीका प्रवक्ता प्रकाण्डले विज्ञप्ति निकालेर कम्युन र सर्वसाधारण जनताको घरमा प्रहरीले छापा मारेर श्वेत आतंक मच्चाएको आरोप लगाएका छन् । 'सरकारले एकातिर शान्तिपूर्ण चुनावको वातावरण बनाउने प्रचार गर्ने, अर्कोतिर माओवादीका उत्पादन केन्द्र र सर्वसाधारण जनताका घरमा छापा मार्ने कार्यले राज्य शान्तिपूर्ण निकास चाहंदैन बरु देशलाई अशान्तितिर धकेल्न चाहन्छ भन्ने पुष्टी भएको छ,' माओवादीको विज्ञप्तिमा भनिएको छ-'मानवधिकारवादीलाई गैरकानुनी प्रहरी छापा एवं दमनको निष्पक्ष छानबिन गर्न आग्रह गर्दछौं ।'

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले भने माओवादीको विज्ञप्तिमा प्रहरीमाथि लगाइएका आरोप सरासर गलत र भ्रामक रहेको जनाएको छ । 'प्रहरीको काम नै सरकारको निर्देशनको पालना र कानुनको कार्यान्वयन गर्ने हो, चुनावलाई शान्तिपूर्ण बनाउने अभियानअन्तर्गत गस्ती गर्दा बेवारिसे हतियार भेटिएपछि बरामद गर्नु र विष्फोटक पदार्थ डिस्पोज गर्नुलाई अपव्याख्या गरी सरकारलाई दोष लगाउनु सरासर गलत हो,' डीएसपी जीसीले भने-'हामीले गरेको गस्ती र बेवारिसे हतियार बरामद गैरकानुनी होइन,कानुनसम्मत हो यसले शान्ति सुरक्षा कायम गर्न टेवा पुऱ्याउँछ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी अर्घाखाँचीको सभापति हरिप्रसाद भुसालले तोकिएको मितिमा चुनाव सम्पन्न गर्न प्रहरीले गस्ती गर्नु र अवैध हातहतियार बरामत गर्नु स्वागतयोग्य कदम भएको बताए । 'प्रहरीले देशभर गस्ती बढाएर यसरी नै अवैध हातहतियार राज्यको नियन्त्रणमा लिएर शान्तिपूर्ण र भयरहित चुनावको वातावरण बनाउनुपर्छ,' भुसालले भने-'जिम्मेवार राजनीतिक दलले राज्यका आधिकारिक निकायले गरेका जायज कामलाई आफू अनुकूल गलत व्यख्या गरेर चुनावी माहोललाई अन्यत्र मोड्ने काम गर्न मिल्दैन ।'

माओवादीले निकालेको विज्ञप्तिको सार तथ्यपरक नभएको र आफैँ चुनावबाट भाग्न चाहेको जस्तो देखिएको भुसालको तर्क छ। 'जनताले अहिले तोकिएको मितिमै चुनाव चाहेका छन्,' भुसालले भने-'चुनावलाई शान्तिपूर्ण बनाउन अवैध हात हतियारलाई राज्य पक्षले नियन्त्रणमा लिने कुरा कसरी गैर कानूनी र आतंक हुन्छ ?'

नेकपा माओवादीका केन्द्रीय सदस्य वीरेन्द्र विकले माओवादीको कम्युन नजिकै गोठमा भेटिएका हात हतियार र विष्फोटक पदार्थ आफ्नो पार्टीले राखेको नभएको दाबी गरे । आफ्नो दल चुनावमा भाग लिन तयार रहेको र सरकारलाई दश दिने अल्टिमेटम समेत दिएको अवस्थामा कम्यून क्षेत्रमा गरिएको 'धरपकड'ले चुनावको वातावरण बिथोलिन सक्ने र सरकारले चुनाव गर्न नचाहेको हो कि भन्ने आफ्नो पार्टीको आशंका रहेको टिप्पणी गरे ।

**आदर्श सामुदायिक वन उपभोक्ता समूह**
सुनवल नगरपालिका- ०४,
मच्छरमारा नवलपरासी (ब.सु.प.)

**परामर्श सेवाका लागि आशय पत्र (Expression of Interest) पेश गर्ने सम्बन्धी सूचना**

पहिलो पटक प्रकाशन मितिः २०८२/०९/१३

यस समूहको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका वन व्यवस्थापन सम्बन्धि पत्ल्याउने तथा सुधार कटानका लागि रुख नक्शांकन र योजना तयारी कार्यहरु परामर्शदाताबाट गर्नु पर्ने भएकाले वन सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले दर्ता भएका इच्छुक तथा योग्यता पुगेका फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशनका मितिले १५ दिनभित्र आशय पत्र ( Expression of Interest) पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम यो सूचना प्रकाशित गरिएको छ । कार्यक्षेत्रगत शर्त अनुरुपमा आशयपत्र सम्बन्धि फर्मस् तथा फर्मेट समूहमा सम्पर्क राखि प्राप्त गर्न सकिने छ ।

# पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ पाल्पाको अध्यक्षमा पन्थी



पाल्पा । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ पाल्पाको अध्यक्षमा पुनः रामप्रसाद पन्थी निर्वाचित भएका छन् । शनिबबार तानसेनमा सम्पन्न ८औं अधिवेशनले पुनः रामप्रसाद पन्थीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ । जसको प्रथम उपाध्यक्षमा युवराज पन्त, द्वितीय उपाध्यक्ष शिवप्रसाद पाण्डे, सचिवमा विष्णुप्रसाद खनाल, सह-सचिवमा यमबहादुर कार्की, कोषाध्यक्षमा ज्योति कार्की, सह-कोषाध्यक्षमा हरिबहादुर बाह्रघरे चयन भएका छन् । कार्यसमितिको सदस्यमा सञ्जय घर्ती, लक्ष्मण भण्डारी, संगीता भट्टराई, सुरेन बोहरा, जमुना न्यौपाने र सृजना ढकाल निर्वाचित भएको निर्वाचन संयोजक नरेशचन्द्र भट्टराईले जानकारी दिए । अधिवेशनले तीन सदस्यीय लेखा समिति पनि चयन गरेको छ । जसको संयोजकमा तारावहादुर सुनारी सदस्यमा मीनप्रसाद बस्याल र सन्तोष श्रेष्ठ रहेका छन् ।

अधिवेशनलाई सम्बोधन गर्दै नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका केन्द्रीय सल्लाहकार मनहरि बस्यालले पुस्तक जीवनको जन्मदेखि मृत्युसम्मको साथी र साक्षी रहेको बताए । मानिसको जीवनलाई सफल र सार्थकता बनाउन पुस्तकको महत्वपूर्ण भूमिका रहेको केन्द्रीय सल्लाहकार बस्यालले जनाए । 'व्यवसायका आ-आफ्ना दायरा र सीमा हुन्छन्, नैतिकता र पेशाविपरीत केही निजी विद्यालयले विद्यालय परिसरमै किताब कपि बेच्ने गरेकोले अनुगमनको खाँचो रहेको छ ।'-उनले भने ।

साधारणसभामा केन्द्रीय सदस्यहरु रामकृष्ण चापागाईं, रामु अधिकारी, महासंघका सल्लाहकार केदारलाल श्रेष्ठ, रुपन्देही जिल्ला शाखा अध्यक्ष दिपक पाठक, नेपाल पत्रकार महासंघ, पाल्पाका अध्यक्ष कमलराज तिमिल्सीना, उपाध्यक्ष मुक्ति न्यौपाने, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, प्याब्सन पाल्पा अध्यक्ष डाँसुराम पन्तले ज्ञान, शिक्षा र चेतनाको आधारशिला पुस्तक भएकोले सबैतिर जनताले चाहेको पुस्तकहरु सहज रुपमा उपलब्ध हुने व्यवस्था राज्यस्तरबाटै हुनुपर्नेमा जोड दिएका थिए । महासंघ पाल्पाका अध्यक्ष रामप्रसाद पन्थीको अध्यक्षता, उपाध्यक्ष युवराज पौडेलको स्वागत तथा सचिव विष्णु खनालको सञ्चालनमा साधारणसभा तथा अधिवेशन चलेको थियो ।

**Madhyabindu Collaborative Forest Management Group**
Kawasoti-14 Nawalparasi (Bardaghat Susta East)

**Invitation for E-Bid**

Date of Publication: 2082-09-13 (2025-12-28)

1. Madhyabindu Collaborative Forest Management Group Office kawasoti-14 , Nawalparasi (Ba.Su.Pu.) invites electronic bid from duly registered eligible bidders for the contract given below.

| S. N | Contract No. | Description of the Work | Estimated Amount With Vat And PS NRs | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Bid Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MCFMGK /Works/ NCB/ 01/082-83 | Construction of Sarbajanik Sauchalaya 14, Nawalparasi (Ba.su.Pu) Pha Phase-II | 24,51,035.64 | 60,000.00 | 3000.00 | 90 Days | |

2 . Bidders may obtains further information at the Madhyabindu Collaborative Forest Management Group Nawalparasi East Contract: 9869458376 ,9844778912,9841925441 or may visit PPMO e-GP System https://bolpatra.gov.np/egp.
3. For Purchasing Bid Document, Name of Office: Madhyabindu Collaborative Forest Management Group, Kawasoti -14 Nawalparasi (Ba.Su.Pu.),
Name of Bank: Rastriya Banijya Bank Limited, Kawasoti Branch Account no.: 3200100002677001
4. To deposit security in Cash: Name of Bank: Rastriya Banijya Bank Limited, Account Name: Madhyabindu sajhedari ban bya. Sa, Account no: 3200100002677001
5. Last date and time for bid submission: 2082-10-13 / 12:00 Noon (ii) Date, time and place for bid opening : 2082-10-13 / 14:00 Hours. Madhyabindu Collaborative Forest Management Group Nawalparasi (Ba.Su.Pu.) For detail information, please inspect the bidding documents at the Madhyabindu Collaborative Forest Management Group, Nawalparasi (Ba.Su.Pu.) or through website: www.bolpatra.gov.np/egp

**Office Chief**

**रैनादेवी छहरा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
छहरा, पाल्पा,
लुम्बिनी प्रदेश, नेपाल

**आशय पत्र सम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८२/०९/१३

मिति २०८२-०८-०४ गते राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचनाअनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरुमध्ये तपसिल बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| बोलपत्र नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|
| RRM/PAL/ W/NCB- 7/2082-2083 | Upgrading of Different Roads at Mujhung -Package I | प्रिन्सा निर्माण सेवा, रैनादेवी छहरा-०५, पाल्पा | रु. १८,९८,८६९.०० |
| RRM/PAL/ W/NCB- 8/2082-83 | Construction of Concrete Pavement at Different Roads of Rainadevi Chhahara Rural Municipality Ward 07 and 08 . | श्री कृष्ण कन्स्ट्रक्सन, सैनामैना-११, रुपन्देही | रु. २२,०३,४५८.८० |

**प्रमुख प्रशासकीय अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# औद्योगिक प्रदर्शनीमा अवलोकनकर्ता खचाखच



बुटवल । बुटवलमा जारी औद्योगिक प्रदर्शनीको नवौं दिन शनिबार मात्रै करिब ७५ हजार अवलोकनकर्ताले भ्रमण गरेका छन् । पुस ३ गतेदेखि १७ गतेसम्म रुपन्देही उद्योग संघले बुटवलमा आयोजना भएको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवमा शनिबार अहिलेसम्मकै एकैदिनमा धेरै अवलोकनकर्ताको सहभागिता भएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले जानकारी दिए ।

प्रदर्शनीका लागि छुट्टाइएका नियमित काउन्टरहरुमा सहभागीको दिनभर भीड थेग्न नसकेपछि अतिरिक्त काउन्टरको व्यवस्थापन गरेर दिनभर टिकट बिक्री गरिएको र प्रदर्शनी सुरु भएको ९ दिनमध्ये एकैदिन ठूलो संख्यामा सहभागी आएको र स्टलहरुमा पनि त्यतिकै धेरै कारोबार भएको संघका कोषाध्यक्ष विशाल बेलवासेले बताए ।

पुसको पहिलो सातादेखि नै बुटवलमा हुस्यु तथा शीतलहर सुरु भए पनि त्यसको बाबजुत अवलोकनकर्ताको घुइँचो लागेको हो । शुक्रबार दिनभरजसो घाम लागेपनि शनिबार बिहानैबाट चिसो हुस्यु लागे पनि त्यसको बाबजुत राती अबेरसम्म प्रदर्शनी स्थलमा सहभागीहरुले घुँइचो लागेको थियो ।

चिसो बढेका कारण उडान अवरुद्ध हुँदा केही राष्ट्रिय कलाकार चितवन आएर गाडीबाट आइरहेको र धेरैजसो पूर्वघोषित कलाकारहरुलाई जसरी पनि सहभागी गराउनेगरी सांस्कृतिक कार्यक्रमको संयोजन भइरहेको सांस्कृतिक उपसमिति संयोजक लालप्रसाद बस्यालले बताए ।

संघका सल्लाहकार हिरामणि भट्टराईका अनुसार प्रदर्शनीमा शनिबार दिनभर अतिरिक्त टिकट काउन्टर चलाएर अवलोकनकर्तालाई भित्र जाने व्यवस्थापन गरिएको थियो । सचिव मन्जु भुसालका अनुसार प्रदर्शनीमा दिनभरजसो सबै स्टलहरुमा निकै ठूलो कारोबार भएको थियो भने सहभागी धेरै महिला उद्यमीहरु सहभागी रहेका छन् र यहाँ आउने अधिकांश अवलोकनकर्ताहरु महिला उद्यमीको उत्पादनमा ध्यान केन्द्रीत गरेको र ती उत्पादनहरुको बिक्री वितरण पनि राम्रो भएको थियो ।

प्रदर्शनीमा स्वदेशी उत्पादन र यसको प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताहरूको सोझो सम्पर्कको स्थापना गर्ने, उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बीचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया गर्ने विषयलाई प्राथमिकतामा राखेको संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले जानकारी दिए ।

प्रदर्शनीको बिचमा सूचना र प्रविधिको विकास, विस्तार र आदानप्रदान गर्ने, पर्यटन क्षेत्रको विकास, सान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, अवलोकनकर्ता र उपभोक्ताहरूको सुझावहरूको संकलन गरिरहेको र यस क्षेत्रका सबै संघसंस्था सरकारी कार्यालय र निजी क्षेत्रबीच समन्वय गरिरहेको महासचिव सुमन बस्याल बताउँछन् ।

'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार' भन्ने मूल नाराका साथ सुरु भएको प्रदर्शनीमा स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन हुने प्रदर्शनीमा ८ लाख दर्शकले अवलोकन गर्ने र ३० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको छ । प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, नेपालका ख्यातिप्राप्त आधुनिक गायक गायिका, हाँस्य कलाकार, ब्याण्डहरुको सांगीतिक कार्यक्रम, विद्यालयस्तरीय लोकनृत्य तथा वक्तृत्वकला प्रतियोगिता, प्रदर्शनी आइडल, भजन प्रतियोगितालगायतका प्रतियोगिताहरु समेटिएको चलिरहेको प्रचार प्रसार संयोजक इं किरण खरेलले जानकारी दिए ।

# सुनवलका हाकिमलाई घर छोडेर फर्किदै गर्दा गाडी दुर्घटना

सुनवल । पश्चिम नवलपरासीको सुनवल नगरपालिकाको स्कारपियो गाडी दुर्घटनामा परेको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेललाई घर छोडेर फर्किदै गर्दा ०१-००१ झ ०२६ नम्बरको सरकारी गाडी दुर्घटनामा परेको हो ।

पौडेलको निजी निवासमा छोडेर फर्किदै गर्दा उक्त गाडी पाल्पा सिद्दबाबा मन्दिर क्षेत्रमा दुर्घटनामा परेको भए पनि हालसम्म घटना गुपचुप राखिएको छ । दुर्घटनामा गाडी चालकलाई सामान्य चोट लागेको थियो ।

दुर्घटनाको विषयमा प्रहरी जानकार नभएको बताइएको छ । सरकारी गाडी दुरुपयोग गरेको भन्दै आलोचना हुने भएकाले दुर्घटनालाई गुपचुप राखिएको बुझिन्छ ।

यस विषयमा प्रमुख प्रशासकीय अधिकृत पौडेललाई सोध्दा मन्दिर दर्शनका लागि जाने क्रममा दुर्घटनामा परेको बताए।सरकारी गाडी लिएर को गएको थियो भन्ने बारेमा भने उनले खुलाउन चाहेनन् ।

दुर्घटनाग्रस्त गाडीलाई क्रेनको मद्दतले रुपन्देहीको एक ग्यारेजमा पुर्‍याएर गोप्यरुपमा मर्मत संभार भैरहेको श्रोतले बताएको छ ।

जिल्लामा सरकारी सवारी साधनको दुरुपयोग बढ्दै गएको भन्दै स्थानीय प्रशासनले कडाइ गर्न खोजेको थियो । तर स्थानीय तहका जनप्रतिनिधि र विशेष गरी प्रमुख प्रशासिय अधिकृतले दुरुपयोग गर्दै आएका छन् । व्यक्तिगत काम, पार्टी, सभासम्मेलन, विवाह भोज भतेरलगायत व्यक्तिगत कामका लागि गाडी दुरुपयोग हुँदै आएको स्थानीयको गुनासो छ ।

सुनवल नगरपालिकाले एकै पटक दुई वटा स्कर्पियो गाडी खरिद गरेपछि व्यापक आलोचना भएको थियो । अहिले नयाँ गाडी नगरप्रमुख र प्रमुख प्रशासकिय तथा कर्मचारीले प्रयोग गर्दै आएका छन् । तर उपप्रमुख सूर्य दुवेले भने एकै पटक दुई वटा स्कारपियो गाडी खरिदमा असन्तुष्टि जनाउँदै सरकारी गाडी प्रयोग गरेका छैनन् ।

# मणिमुकुन्दमा असल अभिभावक उत्प्रेरणा प्रशिक्षण



बुटवल । बुटवल योगीकुटीको मणिमुकुन्द माध्यमिक विद्यालयले असल अभिभावक उत्प्रेरणा कार्यक्रम सम्पन्न गरेको छ । विद्यार्थीलाई पढाईमा उत्कृष्टतासंगै उनीहरुलाई संस्कारयुक्त र अनुशासित बनाउन अभिभावकको भूमिकाबारे बुझाउन उत्प्रेरणा कार्यक्रम गरिएको विद्यालयले जनाएको छ ।

कार्यक्रममा बोल्ने वक्ताहरुले विद्यालय र शिक्षक-शिक्षिकाको एक्लो प्रयासले मात्र बालबालिका पढाईमा अब्बल र संस्कारयुक्त नहुने भएकाले अभिभावकको पनि सकारात्मक भूमिका हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा मोटिभेसनल प्रशिक्षक कमल सिलवालले बालबालिकाको पहिलो विद्यालय घर र पहिलो शिक्षक आमा बुबा भएकाले घरबाटै बालबालिकालाई संस्कारी र अनुशासित बनाउन सकेमात्र उनीहरु पढाइ पनि उत्कृष्ट बन्न सक्ने बताए । पछिल्लो समय बालबालिकाहरुमा स्मार्ट मोबाइल फोनको प्रयोगको लत अत्यधिक बढेकाले त्यसलाई कम गराउन अभिभावककै भूमिका हुने सुझाव दिए । बालबालिकालाई हप्कीदप्की र गाली गरेर नभई माया गरेर साथीको व्यवहार गरेर उनीहरुलाई पढाईमा ध्यान केन्द्रित गर्ने बनाउन सकिने सिलवालले सुझाव दिए ।

अभिभावकले पनि मोबाइलको प्रयोग कम गरेमा बालबालिकाले पनि कम गर्ने र बालबालिकालाई आध्यात्मिक बाटोमा हिंडाउन सके उनीहरु संस्कारी र अनुशासित हुने बताए ।

विद्यालय सञ्चालक समितिका उपाध्यक्ष उमापति न्यौपानेले बालबालिकाको पढाइसंगै सर्वाङगीण विकासमा अभिभावकको भूमिका महत्वपूर्ण हुने भएकाले विद्यालयले तीन वर्षदेखि नियमितरुपमा असल अभिभावक उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

अ भि भा व क ले बालबालिकालाई परीक्षाको रिजल्टलाई तुलना गरेर निरुत्साहित गर्न नहुने बरु उसको क्षमता र रुची पहिचान गरेर सोही अनुसारको क्षेत्रमा अघि बढ्न प्रेरित गर्नुपर्ने न्यौपानेले बताए ।

बदलिंदो समय र परिवेश अनुसार अभिभावकहरु पनि बदलिएर आफ्ना सन्ततिलाई धन सम्पत्तिले धनी भन्दा समाज र देशका लागि योगदान गर्न सक्ने असल नागरिक बन्न सानै उमेरदेखि सिकाउनुपर्ने न्यापानेले अभिभावकलाई सुझाव दिए । विद्यालय र कलेजको उत्कृष्ट पठनपाठनकै कारण मणिमुकुन्दका विद्यार्थीले एमबीबीएसलगायतका विषयमा उच्च शिक्षा अध्ययनमा पूर्ण छात्रवृत्तिमा यस क्षेत्रमै सबैभन्दा धेरै विद्यार्थीले नाम निकाल्न सफल हुने गरेको न्यौपानेले बताए ।

कार्यक्रममा विद्यालयका संयोजक हरिप्रसाद पौडेलले संस्कारयुक्त शिक्षा दिएर विद्यार्थी र अभिभावकको विश्वास जित्ने गरी विद्यालय अघि बढेको जनाए ।

अभिभावक रेखा बोहरा, सीता पौडेल र रुक्मागत पाण्डेले विद्यालयले सञ्चालन गर्दै आएको असल अभिभावक उत्प्रेरणा कार्यक्रमले अभिभावकको आफ्ना बालबालिकाप्रतिको जिम्मेवारी र दायित्वबारे थप बुझ्न सहयोग मिलेको र यो कार्यक्रम निकै प्रभावकारी भएको बताए ।

कार्यक्रममा प्ले ग्रुपदेखि कक्षा ३ सम्म र ४देखि कक्षा १० सम्म गरी दुई चरणमा ६ सय बढी अभिभावकलाई प्रशिक्षण दिइएको शिक्षक प्रकाश सुवेदीले जानकारी दिए ।

# 'बुटवलको अटोभिलेज थप व्यवस्थित हुँदै'




बुटवल । बुटवल अटो इञ्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीको ३०औं साधारणसभा शनिबार सम्पन्न भएको छ । कार्यक्रममा बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले बुटवल मैनाबगरमा रहेको अटोभिलेज थप व्यवस्थित हुँदै जाने प्रतिबद्धता व्यक्त गरेका छन् । धुलो हिलो हुने मैनाबगर अहिले पक्की बाटो तथा ढल व्यवस्थापन भएको बताउँदै उनले अझै व्यवसायीका माग अनुसारका काम गर्दै अझै व्यवथित हुने बताए ।

बुटवल अटो इन्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीको ३०औं साधारणसभामा पाण्डेयले बुटवलका बुटवलमा कुनै पनि व्यवसायी विस्थापित हुन नहुने प्रतिबद्धता जनाए ।

उनले पोखराका अटो व्यवसायीहरु विस्थापित हुन लागेको सुन्दा निकै नरमाइलो लागेको बताउँदै व्यवसायी जन्माउन धेरै वर्ष लागेको भन्दै व्यवासायीलाई विस्थापित नगरी वैकल्पिक मार्ग प्रशस्त गर्न आग्रह गरे ।

संस्थाका अध्यक्ष प्रेम गौचनले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अतोभिले अझै बिस्तारका सन्दर्भमा सेटलाईट अटोभिलेज निर्माणको कुरालाई जोड दिएका थिए। उनले अवैध चोरी नियन्त्रणको माग समेत गरे ।

नेपाल अटोमेकानिक्स व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष गोपाल भट्टराईले सबै जिल्ला संघमा अटोभिलेज निर्माणमा पहल गर्ने बताए ।

उनले सबैको गण्डकी अटो मेकानिकल एक्स एशिसियसन पोखराका अध्यक्ष बिष्नु अधिकारीले मेकानिक्स व्यवसाय पछिल्लो समय मेकानिक्स व्यवसायीलाई राज्यले हेर्ने दृष्टिकोण परिवर्तन भएको बताए ।

कार्यक्रममा संघका पूर्व अध्यक्ष तथा बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेले व्यवसायीको हकहित र मर्यादा कायम राख्दै नयाँ प्रविधि र सीपलाई अगाडि बढाउनुपर्ने बताए । पूर्व अध्यक्ष ज्योति भण्डारीले मैनाबगर अटोका व्यवसायी र मजदुरका समस्यालाई समाधान गर्न सकेमा नमूना अटो भिलेज बन्न सक्ने जनाए ।

संघका सल्लाहकार तथा चेम्बर अफ कमर्शका अध्यक्ष टंकप्रसाद पोखेलले अबको युवापुस्ताले नयाँ प्रविधिसंगै सीपमा दक्षता हासिल गर्नुपर्नेमा जोड दिए ।

संघका अध्यक्ष प्रेम गौचनले अध्यक्षको वार्षिक प्रतिवेदन, महासचिव पुनित पोखेलले महासचिवको प्रतिवेदन र कोषाध्यक्ष नमराज सुवेदीले आर्थिक प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित गरेको छ ।

सो अवसरमा जेष्ठ सदस्यबाट मोहनलाल पान्डेय,अनुशासित व्यवसायीबाट टेकबहादुर सिजाली, प्रतिष्ठान सरसफाईबाट दिपेश घिमिरे, सीप क्षमता बिस्तारबाट मोहन सुनुवार र महिला व्यवसायीबाट रतनमाया चौधरीलाई सम्मान समेत गरिएको थियो।

संघका उद्योग उपाध्यक्ष धुर्वराज भुसालको स्वागत मन्तव्यमा भएको कार्यक्रमको सञ्चालन महासचिव पुनित पोखेलले गरेका थिए ।

हार्दिक बधाई तथा शुभकामना

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

धनलक्ष्मी ड्राइभिङ्ग सेन्टर
प्रो: रामु कार्की
अफिस: बुटवल-९, चौराहा
ट्रेडिङ्ग सेन्टर: तिनपा-१,न्यू चप्परहट्टी
सम्पर्क नं.: ९८६६६९८४९०

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




प्रादेशिक प्राविधिक विश्वविद्यालय स्थापनाको लागि STEM शिक्षालाई प्रवर्धन गरौं ।

-दिगो विकासका लक्ष्य हासिल गरी संघ, प्रदेश तथा स्थानीय तहबिच समन्वय, सह-अस्तित्व, सहकारिता संस्कृतिको विकास गरौं ।

-प्रादेशिक प्राविधिक विश्वविद्यालय स्थापना, दीगो सञ्चालन तथा विकासका लागि STEM शिक्षालाई प्रवर्धन गरौं ।

सामाजिक विकास डिभिजन कार्यालय
बुटवल, रूपन्देही

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com